कम्पनी रजिष्ट्रार द.नं. ९५७३७/०६९/०७० ने.रा.बैंक/इ.प्रा./'घ'/२६/०६९/०७०
पान ६००८७१७७८

विजय लघुवित्त वित्तीय संस्था लिमिटेड
Vijaya Laghubitta Bittiya Sanstha Ltd.
"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था" (राष्ट्रिय स्तर)
Banking with Happiness

Ref. No. ६६८।०७९।८०

मिति: २०७९/१२/०६

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरबार प्लाजा, काठमान्डौ ।

**विषय : शेयर दाखिला खारेज सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०७९ चैत्र ५ गते बेलुका ४:०० देखि ५:२० बजेसम्म बसेको १५९ औं बैठकको निर्णय अनुसार संस्थाको दशौं वार्षिक साधरणसभा मिति २०७९ साल चैत्र २८ गते (तद्नुसार ११ अप्रिल २०२३), मंगलबार बस्ने र उक्त वार्षिक साधारणसभा प्रयोजनका लागि मिति २०७९/१२/१६ गतेदेखि २०७९/१२/२८ गतेसम्म वित्तीय संस्थाको शेयर दाखिला खारेज बन्द गर्ने निर्णय गरको व्यहोरा तहाँको जानकारीका लागि अनुरोध गर्दछु ।

दशौं वार्षिक साधरणसभामा प्रस्तावित लाभांश तपसिल बमोजिम रहेको छ ।

(क) बोनश शेयर: हाल कायम चुक्ता पुंजीको २० प्रतिशतले हुन आउने रू. ६,४०,००,०००।- (अक्षेरेपि छ करोड चालिस लाख मात्र)

(ख) नगद लाभांश: हाल कायम चुक्ता पुंजीको १.०५२६ प्रतिशतले हुन आउने रू ३३,६८,४२१।०५ (अक्षेरेपि तेत्तीस लाख अठसट्ठी हजार चार सय एक्काईस र पैसा पाँच मात्र ), कर प्रयोजनको लागि ।

शेयर दाखिला खारेज बन्द रहने मिति: २०७९/१२/१६ गतेदेखि २०७९/१२/२८ सम्म

हालको चुक्ता पुँजी: रू. ३२,००,००,०००।- (अक्षेरेपि बत्तीस करोड मात्र)

वार्षिक साधारण सभाको मिति: २०७९ साल चैत्र २८ गते (तद्नुसार ११ अप्रिल २०२३), मंगलबार

वार्षिक साधारण सभा प्रयोजनको लागि प्रकाशित हुने सूचनाको प्रतिलिपि यसैसाथ सम्लग्न छ । यसै बमोजिमको सूचना आर्थिक अभियानमा मिति २०७९/१२/७ र कारोबार दैनिकमा मिति २०७९/१२/८ मा प्रकाशन हुने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

भवदीय,

................

नारायण सापकोटा
कम्पनी सचिव

Vijaya Laghubitta Bittiya Sanstha Ltd. VLBS Estd.: 2069 Gaindakot-5, Nawalparasi

Head Office : Gaindakot-5, Nawalparasi, ☎: 078-503122, Fax: 078-503130
E-mail: vlbs@vlbs.com.np | URL: www.vlbs.com.np

# विजय लघुवित्त वित्तीय संस्था लिमिटेड

गैडाकोट-५, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

## दशौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस वित्तीय संस्थाको मिति २०७९ चैत्र ५ गते बसेको सञ्चालक समितिको १५९ औं बैठकको निर्णय बमोजिम संस्थाको दशौं वार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा देहायबमोजिमका विषयहरू उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा शेयरधनी महानुभावहरुलाई उपस्थिका लागि अनुरोध गर्दछु ।

**मिति** : २०७९/१२/२८ गते (तदनुसार ११ अप्रिल २०२३), मंगलबार

**स्थान** : विजय विकास स्रोत केन्द्र, गैडाकोट - ८, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

**समय** : बिहान ११:३० बजे

**वार्षिक साधारणसभामा छलफल हुने विषय/प्रस्तावहरू:**

**(क) सामान्य प्रस्ताव तर्फ :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन पेश गर्ने र सो उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्तसम्मको वासलात तथा सोही मितिमा समाप्त आर्थिक वर्ष २०७८/०७९ को नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायत वित्तीय विवरणहरू छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम २१.०५२६ प्रतिशत लाभांशमध्ये १.०५२६ प्रतिशत नगद लाभांश (कर प्रयोजनका लागि) स्वीकृत गर्ने ।

४. बैक तथा वित्तीय संस्था ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिस मुताबिक लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (साविकका Bidur Associates का सि. ए. श्री विदुर लुईटेल पुन: नियुक्त हुन योग्य हुनुहुन्छ ।)

**(ख) विशेष प्रस्ताव तर्फः**

१. सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम २०७९ असार मसान्तमा कायम चुक्ता पुँजी रू. <u>३२,००,००,०००।-</u> (अक्षेरेपि बत्तिस करोड मात्र) को २० प्रतिशतका दरले हुन आउने रू. ६,४०,००,०००।- (अक्षेरेपि छ करोड चालिस लाख मात्र) बोनस शेयर वितरण गर्ने साथै तदनुरुप हुने गरी प्रबन्धपत्रको सम्बद्ध दफामा संसोधन गर्ने ।

२. नेपाल राष्ट्र बैंकको स्वीकृति लिई यस वित्तीय संस्थाको संस्थापक शेयर ५१ प्रतिशत नघट्ने गरी बढीमा १० प्रतिशत बिन्दुसम्मको शेयरलाई सर्वसाधारण शेयरमा परिणत गर्ने प्रयोजनका लागि आवश्यक प्रक्रिया शुरु गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

३. विजय लघुवित्त वित्तीय संस्था लिमिटेड र नयाँ सारथी लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने र गाभिने वा मर्जरमा जाने सम्बन्धमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत गरिने अध्यक्षज्यूको प्रतिवेदन उपर छलफल गरी स्वीकृत गर्ने ।

४. विजय लघुवित्त वित्तीय संस्था लिमिटेड र नयाँ सारथी लघुवित्त वित्तीय संस्था लिमिटेड बीच एक आपसमा गाभ्ने/गाभिने (मर्जर गर्ने) कार्य प्रयोजनका लागि चल अचल सम्पत्ती तथा कारोवारको मूल्याङ्कनकर्ताले

Vijaya Laghubitta Bittiya Sanstha Ltd. VLBS Estd.: 2069 Gaindakot-5, Nawalparasi

तयार गरेको मूल्याङ्कन प्रतिवेदन (DDA Report) समेतको आधारमा संयुक्त मर्जर समितिबाट निर्धारण गरिएको शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) १:१ (एक शेयर बरावर एक शेयर) लाई पारित गरी मर्जरलाई स्वीकृति प्रदान गर्ने ।

५. विजय लघुवित्त वित्तीय संस्था लिमिटेड र नयाँ सारथी लघुवित्त वित्तीय संस्था लिमिटेड बीच एक आपसमा गाभ्ने/गाभिने (मर्जर गर्ने) प्रयोजनका लागि व्यावसायिक योजना तथा प्रक्षेपण (Business Plan and Projection), चल अचल सम्पत्ति, दायित्व तथा कारोवारको मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit - DDA) गर्न नियुक्त लेखापरीक्षक (मूल्याङ्कनकर्ता) को नियुक्ती तथा पारिश्रमिकलाई अनुमोदन गर्ने ।

६. विजय लघुवित्त वित्तीय संस्था लिमिटेड र नयाँ सारथी लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिए पछि गठन हुने सञ्चालक समितिमा यस वित्तीय संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरूको सम्बन्धमा सञ्चालक समितिको निर्णयलाई अनुमोदन गर्ने तथा नयाँ सारथी लघुवित्त वित्तीय संस्थाबाट चयन भई आउने सञ्चालकहरूलाई पदस्थापन एवं अनुमोदन गर्ने र मर्जरको लागि अन्तिम सम्झौता गर्ने अधिकार सञ्चालक समितिलाई प्रत्यायोजन गर्ने ।

७. विजय लघुवित्त वित्तीय संस्था लिमिटेड र नयाँ सारथी लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिए पछि गठन हुने सञ्चालक समितिको कार्यकाल सम्बन्धमा ।

८. विजय लघुवित्त वित्तीय संस्था लिमिटेड र नयाँ सारथी लघुवित्त वित्तीय संस्था लिमिटेड बीच एक आपसमा गाभ्ने/गाभिने (मर्जर गर्ने) कार्य सम्पन्न भए पश्चात हुने संस्थाको ठेगाना, अधिकृत पूँजी, जारी पूँजी, चुक्ता पूँजी, शेयर संरचना लगायत थप परिवर्तन हुने विषयमा प्रबन्धपत्र र नियमावलीमाको तीन महलेमा उल्लेख भए अनुसारको आवश्यक दफा, उपदफा तथा नियमहरू संशोधन/परिमार्जन सहित पारित गर्ने ।

९. विजय लघुवित्त वित्तीय संस्था लिमिटेड र नयाँ सारथी लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने र गाभिने वा मर्जरमा जाने कार्य सम्पन्न भए पश्चात सर्वसाधरण र संस्थापक बीचको पूँजी संरचना मिलाउन सम्बन्धित निकायबाट स्वीकृति लिई सर्वसाधारणमा थप सार्वजनिक निष्काशन (Further Public Issue) गर्ने र सो सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कार्यहरू गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रत्यायोजन गर्ने ।

१०. भविष्यमा यस वित्तीय संस्थाले अन्य कुनै वित्तीय संस्था प्राप्ति (Acquisition) गर्ने वा एक आपसमा गाभिने (Merger) प्रयोजनको लागि आवश्यक भए उपसमिति गठन गरी उपयुक्त वित्तीय संस्थाको पहिचान र छनौट गर्ने समझदारी पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने, सो को आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, आवश्यकता अनुसार सम्पत्ति तथा दायित्वहरूको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता तथा लेखापरीक्षकहरू नियुक्त गर्ने, निजहरूको पारिश्रमिक तोक्ने तथा प्राप्ति (Acquisition) गर्ने वा एक आपसमा गाभिने (Merger) सँग सम्बन्धित प्रचलित कानुन तथा निर्देशनहरू बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रक्रियाहरू पूरा गरी अख्तियार प्राप्त निकायहरूबाट अन्तिम स्वीकृत लिने तथा सो सन्दर्भमा नियामक निकायहरूबाट निर्देश गरे बमोजिमका विवरण उपलब्ध गराउने लगायतका कार्यहरू गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने ।

११. उपरोक्त बमोजिमका विशेष प्रस्तावहरूमा नियामक निकायबाट कुनै विषयमा थप संसोधन गर्न वा भाषिक संसोधन गर्न वा परिमार्जन गर्न निर्देशन प्राप्त भएमा सो समेत मिलाई संसोधन एवं परिवर्तन गर्ने लगायत अन्य सम्पूर्ण कार्यहरू गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध**

Vijaya Laghubitta Bittiya Sanstha Ltd. VLBS Estd.: 2069 Gaindakot-5, Nawalparasi

सञ्चालक समितिको आज्ञाले

कम्पनी सचिव

## दशौं साधारणसभा सम्बन्धी थप जानकारी

१. दशौं वार्षिक साधारणसभा प्रयोजनको लागि मिति २०७९/१२/१६ गते देखि २०७९/१२/२८ गतेसम्म यस वित्तीय संस्थाको शेयर दाखिला खारेज दर्ता बन्द रहने छ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७९/१२/१५ गते सम्म कारोबार भई प्रचलित कानुन बमोजिम यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनआईबिएल एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरूले सो सभामा भाग लिन पाउने छन्।

२. दशौं वार्षिक साधारणसभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूले अनिवार्य रुपमा शेयर अभौतिकीकरण गरेको विवरण (BOID Statement)/शेयर प्रमाणपत्र वा आफ्नो परिचय खुल्ने प्रमाण साथमा लिई आउनु हुन अनुरोध छ।

३. शेयरधनी महानुभावहरूको उपस्थितिका लागि शेयरधनी उपस्थिति पुस्तिका २०७९/१२/२८ को बिहान १०:३० बजे देखि सभा चालु रहेसम्म खुल्ला रहने छ।

४. दशौं वार्षिक साधारणसभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरू हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै अर्थात् मिति २०७९/१२/२६ गते बिहान ११:३० बजे भित्र वित्तीय संस्थाको केन्द्रीय कार्यालय, गैंडाकोट - ५, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा दर्ता गराई सक्नु पर्नेछ। वित्तीय संस्थाको शेयरधनी बाहेक अरूलाई प्रोक्सी दिन पाइने छैन।

५. एक जना शेयरधनीले एकभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा सबै प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ। तर प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरबदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधिपत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधिपत्र (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने छुट्टै पत्र सहित प्रोक्सी फारम वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा सभा शुरू हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधिलाई स्वतः बदर भएको मानी पछिल्लो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइनेछ।

६. बुँदा ४ र ५ मा उल्लेखित दिन सार्वजनिक बिदा परेमा समेत सो प्रयोजनको लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालय, कार्यालय समयमा खुल्ला रहने छ।

७. प्रतिनिधि नियुक्त गरी सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ।

८. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन लगायत आवश्यक अन्य विवरण सहितको जानकारी शेयरधनी महानुभावहरूको ठेगानामा पठाइने छ। यसको साथै सो प्रतिवेदनहरू वित्तीय संस्थाको Website मा प्रेषित गरिने छ। कथंकदाचित उक्त विवरण शेयरधनी महानुभावहरूको ठेगानामा नपुगेमा यसै सूचनालाई आधार मानि सभामा उपस्थितीका लागि अनुरोध छ।

९. दशौं वार्षिक साधारणसभा सम्बन्धी थप जानकारीहरू आवश्यक परेमा कार्यालय समय भित्र वित्तीय संस्थाको केन्द्रीय कार्यालय, गैंडाकोट - ५, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा सम्पर्क राख्नुहुन समेत अनुरोध गरिन्छ।

Vijaya Laghubitta Bittiya Sanstha Ltd.
VLBS
Estd.: 2069
Gaindakot-5, Nawalparasi